का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक १६२
- १३ साउन २०७८, बुधबार
- 28 July 2021, Wednesday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# उल्टिएको समीकरण

केपी शर्मा ओलीको सत्ता बहिर्गमन र नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाको सत्तारोहणसँगै राष्ट्रिय राजनीतिको समीकरण समेत फेरिएको छ । त्यसैको झल्को दिनेगरी प्रधानमन्त्री देउवाले ओली सरकारले गरेको निर्णय उल्ट्याउन थालेको छ ।



*बालुवाटारमा आइतबार बसेको सत्ता गठबन्धनको बैठकमा नेताहरु । तस्वीरः प्रधानमन्त्रीको सचिवालय*

**सन्दिप विक/मध्यान्ह**
काठमाडौं, १२ साउन ।

निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले नियुक्त गरेका प्रदेश प्रमुखहरु सरकार हटाएका छन् । आफू निकट नेता मुख्यमन्त्री रहेका लुम्बिनी र गण्डकी प्रदेशका मुख्यमन्त्रीलाई सजिलो पार्नेगरी ओलीले प्रदेश प्रमुखहरु फेरेका थिए । तर प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्व सरकारको सिफारिसमा गण्डकीमा पृथ्वीमान गुरुङ र लुम्बिनीमा अमिक शेरचनलाई नियुक्त भएका छन् ।

निवर्तमान मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङलाई सजिलो पार्न ओलीले गण्डकीबाट अमिक शेरचनलाई हटाएर सीताकुमार पौडेललाई नियुक्त गरेका थिए । उता लुम्बिनीमा ओली निकट धर्मनाथ यादव प्रदेश प्रमुख थिए । यादवले मुख्यमन्त्री शंकर पोखरेल अल्पमतमा पर्दा पनि नियुक्ति दिएका थिए । कतिसम्म भने प्रदेशसभा विपक्षी सांसदहरुको बहुमतले घेरेपछि प्रदेश प्रमुख यादवले मुख्यमन्त्रीकै कार्यालयमा गएर नियुक्ति दिएका थिए ।

तर ओली बहिगर्मन भएर देउवा प्रधानमन्त्री नियुक्त भएको दुई हप्ता नबित्दै लुम्बिनी र गण्डकी प्रदेश प्रमुख निशानामा परेका छन् । संभवतः अब लुम्बिनीका मुख्यमन्त्री समेत बदलिने संभावना बढी छ । त्यसैका निम्ति प्रदेश प्रमुख फेरिएका छन् । शेरचन माओवादी नेता हुन् । २०६२/०६३ को दोस्रो जनआन्दोलनका नेता समेत रहेका शेरचनलाई ओलीले मुख्यमन्त्री गुरुङको पद जोगाउन हटाएका थिए ।

तर गण्डकीमा मुख्यमन्त्री फेरिएको छ । नेपाली काँग्रेसका नेता कृष्णप्रसाद नेपालीको नेतृत्वमा प्रदेश सरकार बनिसकेको छ । त्यहाँ काँग्रेस, माओवादी, जनमोर्चा र जनता समाजवादी पार्टी (जसपा) को समर्थनमा सरकार बनेको छ । गण्डकीमा दीपक मनाङे निर्णायक बन्दा ओली प्रधानमन्त्री रहिरहँदा नै गुरुङ मुख्यमन्त्रीबाट पदमुक्त भएका थिए । अहिले गण्डकीका मुख्यमन्त्री बनेका गुरुङ भने नेपाली कांग्रेस चितवनका पूर्वसभापति हुन् ।

सरकारले राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा समेत नियुक्त गरेको छ । सरकारले विश्वनाथ पौडेल उपाध्यक्ष र सदस्यहरुमा रामकुमार फुयाँल र दिलबहादुर लिम्बू नियुक्त भएका छन् । सरकारले साउन २६ गतेदेखि लागू हुने गरी नेपाली सेनाका बलाधिकृत रथि प्रभुराम शर्मालाई कायममुकायम प्रधानसेनापतिमा मुकरर गरी राष्ट्रपतिसमक्ष सिफारिस गरेको छ । प्रधानसेनापति पूर्णचन्द्र थापा उमेर हदका कारण यसै महिना सेवाबाट निवृत्त हुँदै छन् ।

> यसअघि एमाले अध्यक्ष ओलीले चाहेअनुसार निर्णय गर्दै आएकोमा अहिले सत्ता गठबन्धनको मनमौजी शुरु भएको छ । ओलीलाई घेराबन्दी र किनारामा धकेल्नेगरी सरकार अगाडि बढे त्यसको झल्को दिएको छ ।

देउवा प्रधानमन्त्री भएपछि गरिएको यो संभवतः ठूलो राजनीतिक निर्णय हो । सँगै गठबन्धन सरकार ओली नेतृत्वले गरेको निर्णय उल्ट्याउनेतिर लागेको समेत झल्को दिएको छ । लुम्बिनी र गण्डकीका प्रदेश प्रमुख हटाइनुको कारण समेत त्यही हुन सक्छ । प्रदेश प्रमुख सरकार आउनासाथ फेरिने प्रचलनले संघीयता समेत धर्मराउने अवस्था बनेको छ । तर ओलीले चालेको कदम सच्याउने नाममा पहिलो काम नै प्रदेश प्रमुख फेर्ने देखिएको छ । संभवतः अब लुम्बिनीको मुख्यमन्त्री समेत फेरिन सक्छन् । अल्पमतमा रहेपनि प्रदेश प्रमुखको साथ पाएर पोखरेल पद छोडेका थिएनन् । उनले चालु आर्थिक वर्षको बजेट समेत प्रदेशसभा स्थगित गरेर अध्यादेशबाट ल्याएका थिए ।

हुन त अहिले राजनीतिक समीकरण नै उल्टिएको छ । यसअघि एमाले अध्यक्ष ओलीले चाहेअनुसार निर्णय गर्दै आएकोमा अहिले सत्ता गठबन्धनले मनमौजी थालेको छ । जस्तो-निर्वाचन आयोगको निर्णयबाट जसपाका अध्यक्ष महन्थ ठाकुर समूहलाई परेको अप्ठ्यारोले समेत त्यही पुष्टि हुन्छ । ठाकुर समूहले गरेको दावी अस्वीकार गर्दै आयोगले कार्यकारिणी समितिको बहुमतका आधारमा उपेन्द्र यादव समूहलाई वैधानिकता दिएको छ । पार्टी वैधानिकता पाए लगत्तै यादवले ठाकुर समूहमाथि कारबाही शुरु गरेका छन् ।

# आक्रमणमा प्रदेश संरचना

राजनीतिक प्रतिशोधले प्रदेश प्रमुख बदल्ने, मुख्यमन्त्रीहरु हेरफेर गर्ने, प्रदेशसभामा संसदीय मर्यादा कायम नराख्ने जस्ता गतिविधि राजनीतिक नेतृत्वबाट भइरहेको छ भने अतिवादी शक्तिहरुले समेत प्रदेश संरचना विरुद्ध अभिव्यक्ति र गतिविधि गरिरहेका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १२ साउन ।

सोमबार मात्रै विवेकशील साझा पार्टीका अध्यक्ष रबिन्द्र मिश्रले संघीयता खारेजीको प्रस्ताव ल्याएका छन् । यसअघि राष्ट्रिय जनमोर्चा संघीयताको विरुद्धमा थियो । तर बिस्तारै अतिवादी शक्तिहरु संघीयताको विरुद्धमा उभिएको छ । नेकपा एमालेको केन्द्रीय कमिटी बैठकमा समेत यसबारे प्रश्न उठेको थियो ।

सांसद महेश बस्नेतले प्रदेश संरचना खारेज गरेर समन्वय संरचनाको प्रस्ताव ल्याएका थिए । संघीयतालाई धर्म निरपेक्षतासँग समेत जोड्ने गरिएको छ । हिन्दू धर्म र केन्द्रीकृत राज्यको पक्षमा आवाज उठ्ने गरेको छ । जबकी २०७२ को संविधानले गरेको यो महत्वपूर्ण व्यवस्था हो । संघीयता र प्रदेश २ को प्रदेश प्रमुख बदलेका थिए । अहिले फेरि प्रधानमन्त्री शेरबहादुर देउवाले गण्डकी र लुम्बिनीका प्रदेश प्रमुख फेरेका छन् । गण्डकीमा केही महिना अगाडि मात्रै प्रदेश प्रमुख फेरिएका हुन् ।

तर नयाँ सरका आएपछि ओलीको निर्णय उल्ट्याउन गण्डकीमा पृथ्वीमान गुरुङ र लुम्बिनीमा अमिक शेरचनलाई नियुक्त गरिएको छ । निवर्तमान मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङलाई सजिलो पार्न ओलीले गण्डकीबाट अमिक शेरचनलाई हटाएर सीताकुमार पौडेललाई नियुक्त गरेका थिए । उता लुम्बिनीमा ओली निकट धर्मनाथ यादव प्रदेश प्रमुख थिए । यादवले मुख्यमन्त्री शंकर पोखरेल अल्पमतमा पर्दा पनि नियुक्ति दिएका थिए ।



मुलुकको राजनीतिक परिवर्तनसँग समेत जोडिएको छ । तर हरेक क्षेत्रबाट संघीयतालाई कमजोर पार्ने प्रयत्न भइरहेको छ ।

निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली स्वयम् संघीयतालाई कमजोर पार्न लागिपरेको आरोप खेप्दै आएका थिए । २०७४ मा तत्कालीन प्रधानमन्त्री देउवाले नियुक्त गरेको प्रदेश प्रमुख हटाएरै यस्तो प्रयास भएको थियो । यसपछि फेरि नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को विवाद र पछि एमालेको अन्तरसंघर्ष हुँदा गण्डकी कतिसम्म भने प्रदेशसभा विपक्षी सांसदहरुको बहुमतले घेरेपछि प्रदेश प्रमुख यादवले मुख्यमन्त्रीकै कार्यालयमा गएर नियुक्ति दिएका थिए । हुन त गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ हटाएर प्रदेश संरचनाका पहिलो सरकार नै पाँच वर्ष नटिक्ने अवस्था सिर्जना भइसकेको छ ।

कर्णाली र सुदूरपश्चिम प्रदेशको सरकार फेर्ने प्रयास असफल भइसकेको छ । लुम्बिनीका मुख्यमन्त्री शंकर पोखरेल हटाउने खेल चलिरहेकै छ । बाँकी पृष्ठ २ मा

## सरकारद्वारा चलाइएको वैदेशिक रोजगार व्यवसाय

# कोरिया जान लाख र इजरायल जान पौने दुई लाख !

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ साउन

सरकारले इजरायलको रोजगारीमा जाने कामदारका लागि करिब पौने दुई लाख रुपैयाँको लागत तोकेपछि करिब ६ वर्ष अगाडि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गरेको फ्रि भिसा फ्रि टिकटको निर्णयको औचित्यतामाथि गम्भीर प्रश्न उठेको छ ।

सरकारले २६ जेठ २०७२ को मन्त्रीस्तरीय निर्णयबाट मलेसिया, कतार, साउदी अरब, यूएई, बहराइन, ओमान र कुवेत जाने कामदारले भिसा र टिकटको रकम तिर्नु नपर्ने निर्णय गरिएको थियो । सो निर्णयका आधारमा २१ असार २०७२ देखि फ्रि भिसा फ्रि टिकटको नीति लागू भएको छ ।

तर इजरायलका दीर्घकालिन स्याहार केन्द्रहरुमा काम गर्ने गरी जाने नेपाली कामदारहरुले जहाज भाडाका लागि १ लाख ४० हजार, स्वास्थ्य बिमाका लागि ५ हजार, अभिमुखीकरण तालिमका लागि ७ सय, राहदानीका लागि ५ हजार, स्वास्थ्य परीक्षणका लागि १० हजार, कोभिड परीक्षणका लागि २ हजार ५ सय र वैदशिक रोजगार कल्याणकारी कोषका लागि न्यूनतम १ हजार ५ सयदेखि २ हजार ५ सयसम्म तोकिएको छ ।

सरकारले तोकेका कतिपय




शीर्षकको ओभरहेड कष्ट आफैंले तोकेको स्वास्थ्य परीक्षण शुल्क भन्दा बढी छ । छनोट भएपछिको प्रक्रियाका लागि यो रकम खर्च हुने भएपनि त्यसअघिको अध्ययन तथा तालिमका लागि ठूलै रकम खर्च भइसेकेको छ ।

इजरायलले ७० प्रतिशत महिला र ३० प्रतिशत पुरुष गरी तत्कालका लागि एक हजार कामदार माग गरेको छ । शुरुमा त्यसको ४० प्रतिशतल बढी १ हजार ४ सय कामदार छनोट हुने छन् । त्यसका लागि हजारौंको आवेदन पर्ने आँकलन गरिएको छ । त्यसमा करोडौंको लगानी जोडिने छ ।

वैदेशिक रोजगार व्यवसायीहरुले केयर गिभरको रोजगारीमा इजारायल जानका लागि सरकारले सार्वजनिक गरेको लागतले निजी क्षेत्रका वैदेशिक रोजगार व्यवसायीमाथि चरम अन्याय भएको प्रष्ट भएको टिप्पणी गरेका छन् ।

नेपाली वैदेशिक रोजगार व्यवसायीहरुले सरकारी निर्णय हचुवा र पूर्वाग्रही रहेको बताउँदै आएका छन् । सत्तारुढ नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष नरेन्द्र प्रसाद ढकालले मध्यान्हसंग कुरा गर्दै निजी क्षेत्रका व्यवसायीहरुलाई इजातपत्रका लागि करोडौं रुपैयाँ लगानी गर्न लगाएर सरकारले नै वैदेशिक रोजगारीमा कामदार पठाउने र लाखौं लागत उठाउने निर्णय बिडम्वनापूर्ण रहेको टिप्पणी गरे ।

कामदारले विदेशमा आर्जन गर्ने कम्तीमा एक महिनाको सेवा शुल्क लिन पाउनु पर्ने भनी विगत आधा दशकदेखि गरेको मागलाई सरकारको पछिल्लो निर्णयले पुनःपुष्टि गरेको भन्दै अध्यक्ष ढकालले वर्तमान सरकारसंग तत्काल सेवा शुल्क परिमार्जन गर्न माग गरे । उनले सरकारी अस्पतालमा कोरोना भाइरस परीक्षणका लागि एक हजार तोक्ने तर इजरायल जानेहरुका लागि कोरोना परीक्षणको शुल्क २ हजार ५ सयसम्म तोक्नु थप बिडम्बनापूर्ण रहेको समेत दाबी गरे ।

सरकारले कामदार पठाउने अर्को मुलुक दक्षिण कोरियाका लागि ९ सय ३० अमेरिकी डलर मंगलबारको सटहीदर अनुसार १ लाख दश हजार हाराहारीका पर्ने गरेको छ ।

वैदेशिक रोजगार विभागले मंगलबारदेखि २१ दिन भित्रमा आवेदन दिन सकिने जनाएको छ । आवेदन दिन २५ वर्ष पूरा भई ४५ वर्ष ननाघेको, उचाई कम्तीमा १.५ मिटर र तौल कम्तीमा ४५ केजी हुनुपर्ने, कम्तीमा १० कक्षा उत्तीर्ण गरी अनमी वा सिएमए सम्बन्धी विषयमा १५ बाँकी पृष्ठ २ मा

# कुटनीतिक पहलमा जोड

**दीपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, १२ साउन ।

राष्ट्रियसभाका सदस्यहरुले कोभिड-१९ विरुद्धको खोप देशभरका नागरिकलाई उपलब्ध गराउन तथा खरीद प्रक्रिया शीघ्र अघि बढाउन कूटनीतिक प्रयास थाल्न सुझाव दिएका छन् । राष्ट्रियसभाको आजको विशेष समयमा उहाँहरुले विदेशस्थित नेपाली नियोग र कूटनीतिक अधिकारीहरुलाई नेपलामा खोपको व्यवस्था गर्न परिचालन गर्नुपर्ने सुझाव दिँदै महामारी बढ्दै गएको अहिलेको अवस्थामा कोरोनाविरुद्धको खोपलाई पहिलो प्राथमिकतामा राख्न माग गरे ।

नेपाली काङ्ग्रेसकी सांसद तारादेवी भट्टले वर्तमान राजनीतिक परिदृश्यमा राष्ट्रिय एकता आवश्यक भएको, एकले अर्काको अस्तित्व स्वीकार गर्दै लोकतन्त्र रक्षाका लागि सबै राजनीतिक दल एकताबद्ध हुनुपर्नेमा जोड दिए ।

नेकपा एमालेकी सांसद विमला घिमिरेले संसद्मा आरोप प्रत्यारोपको राजनीति त्यागेर महामारी नियन्त्रण र जनताका समस्या समाधानमा केन्द्रित हुनुपर्ने विचार राखिन् । अगमप्रसाद वान्तवा राईले सरकारले भूमिहीनका पक्षमा बाँकी पृष्ठ २ मा

**कर्मचारी आवश्यकता**

चालु अवस्थाको कम्पनीलाई निम्न कर्मचारी आवश्यक भएको हुँदा अनुभवीले व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ तु-सम्पर्क गर्नुहोला ।

- डकुमेन्टेसन – १ जना महिला
  म्यानपावर सम्वन्धी दुईबर्षको अनुभव भएको ।
- रिसेप्सनिष्ट – १ जना महिला
  दुईबर्षको डकुमेन्टेसन अनुभवी र कम्प्युटर अनुभव भएको ।

सम्पर्कः 01-4492529, 9866313192 & 9851113282

**मध्यान्ह**
राष्ट्रिय दैनिक

- ग्राहक बन्न परेमा
- पत्रिका नआएमा
- ठेगाना परिर्वतन भएमा
- पत्रिका वितरण सम्बन्धि कुनै पनि गुनासो भएमा ।

सम्पर्क
बागबजार, काठमाडौं
फोन नं.: 01-4228298 | मो. नं.: 9851149919

# अभियन्ता ठाकुर अमेरिकी संस्थाबाट सम्मानित

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, १२ साउन

विश्वव्यापी महामारीको रूपमा रहेको कोभिड -१९ कोरोना भाइरस संक्रमण कालमा कपिलवस्तुमा फ्रन्ट लाइनमा रही कोभिड संक्रमणविरुद्ध नागरिक अभियानमा सक्रियताका साथ महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै साझा प्रयास अभियान कपिलवस्तुका संयोजक रवि ठाकुरलाई अमेरिकास्थित एक संस्थाले सम्मान गरेको छ ।



अमेरिकास्थित एशोसिएसन अफ इमरजेन्सी रिसर्च इन अमेरिका नामक संस्थाले अभियन्ता ठाकुरलाई सम्मान गरेको हो । कोभिड संक्रमण हटेपछि दिन तय गरेर अभियन्ता ठाकुरलाई औपचारिक कार्यक्रमबीच अमेरिकामा सम्मान गरिने आयोजक संस्थाले जनाएको छ ।

अमेरिकन संस्थाबाट प्राप्त गरेको यो सम्मानबाट आफुमा थप जिम्मेवारी बढेको बोध भएको अभियन्ताका संयोजक ठाकुरले मध्यान्हकर्मीलाई बताउनु भएको छ । कोभिड संक्रमण विरुद्ध अक्सिजनको व्यवस्थापन, स्वास्थ्य संस्थाहरुमा सहयोग, कोभिड संक्रमितका परिवार तथा सर्वसाधारणहरुलाई निःशुल्क खाना नास्ताको व्यवस्था, लक डाउनको मारमा परेका विपन्न परिवारहरुलाई राहत वितरण लगायतका काममा अभियन्ता ठाकुर सक्रिय भइ लागेका छन् ।

कोभिड संक्रमणको त्रासमा सबै घर घरमै सुरक्षित ढंगबाट बसिरहेका बेला अभियन्ता ठाकुर भने कोभिड विरुद्धको अभियानमा सक्रियताका साथ फ्रन्टलाईनमा उभिएर काम गरिरहेका छन् । अभियन्ता ठाकुर कपिलवस्तु जिल्लाका क्रियाशील अधिकारकर्मी तथा नागरिक अभियन्ता समेत हुन् । मधेश मानव अधिकार गृहको अध्यक्ष समेत रहेका ठाकुर विपन्न समुदायको एक भरपर्दो सहयोगीको रुपमा जिल्लामा परिचित छन् ।

# कोरोना कहरः सुरक्षित मानिएका शहरमै संक्रमणको जालो

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, १२ साउन

भौगलिक तथा वातावरणिय दृष्टिकोणले सुरक्षित मानिएका सुनसरीको दुई शहर नै कोरोना संक्रमणको कारण अस्तव्यस्त बनेका छन् । नयाँ भेरियन्टसहित देखा परेको दोस्रो चरणको कोरोनाका कारण पछिल्लो समय सुरक्षित मानिएको सुनसरीका दुई स्थानीय तह धरान उपमहानगरपालिका र इटहरी उपमहानगर क्षेत्रमै संक्रमणको दर उच्च बनेको छ । संक्रमणको जोखिमलाई मध्यनजर गर्दै सुनसरी प्रशासनले जारी गरेको निषेधाज्ञालाई खुकुलो बनाएसँगै जिल्लामा कोरोना संक्रमणको दर पनि दैनिक उकालो लाग्दै गएको छ । कडाइका साथ निषेधाज्ञाको पालना हुँदै गर्दा ओरालो लागेको संक्रमण दर निषेधाज्ञा खुकुलो भएसँगै बढेको हो ।

१२ वटा स्थानीय तहहरूमध्ये सबैभन्दा बढी कोरोनाका कारण धरान र इटहरी नै प्रभावित बनेका छन् । धरानमा पछिल्लो एक साता यता मात्रै १७० जना नयाँ संक्रमित थपिएका छन् भने इटहरीमा २३० जना थपिएका छन् । योसँगै धरानमा दोस्रो लहरको संक्रमणबाट हालसम्म ४ हजार ५ सय नयाँ संक्रमितहरू थपिएका छन् भने संक्रमणकै कारण ११७ जनाले ज्यान गुमाइसकेका छन् । इटहरीमा दैनिक ६० जना देखि १२२ जनासम्म नयाँ संक्रमित भेटिन थालेका छन् । दोस्रो लहरको कोरोना इटहरीमा हालसम्म ४६४४ जना संक्रमित बनेका छन् । संक्रमणकै कारण इटहरीमा ७९ जनाले ज्यान गुमाएका छन् ।

पहिलो चरणको कोरोनाबाट पनि प्रभावित बनेका जिल्लाका यि दुई उपमहानगर कोरोनाको दोस्रो लहरमा नउठ्ने गरी थला पर्न पुगेको छ । पहिलो चरणको कोरोनाका कारण धरान उपमहानगरले व्यापारमा ६४ प्रतिशत गिरावट सहनुपरेको थियो भने इटहरीले ५९.३ प्रतिशत व्यापार घाटा बेहोर्नु परेको थियो । धरानले करिब ८६ अरबको व्यापार घाटा सहदा इटहरीले ६६ अरबको व्यापार घाटा सहेको थियो । संक्रमणको दर उच्च बन्दै गएपछि धरान उपमहानगरले साउन १० गते देखि सिमित समय तोकेर बजार खुल्ला राख्ने र निषेधाज्ञालाई थप कडाइ बनाउने निर्णयसहित कार्यान्वयान गर्दै आएको छ ।

संक्रमण दरको हिसाबले धरानभन्दा इटहरी जोखिममा पर्दै आएको छ तर इटहरीमै लापरबाही पनि बढ्दो देखिएको छ । समुदायको नियन्त्रण बाहिर पुगेको कोरोनाको जोखिमलाई न्यूनीकरण गर्ने सवालमा इटहरी उपमहानगर पटक-पटक चुक्दै आएको व्यवसायीहरूको भनाइ छ । उद्योग वाणिज्य संघ इटहरीका अध्यक्ष भिम पौडेलले जोखिमलाई मध्यनजर गर्दै नियमित बजार अनुगमन गरी स्वास्थ्य मापदण्ड लागू गराउनुपर्ने दायित्व स्थानीय सरकारको भएपनि त्यो नदेखिएको बताए । बजार खुल्ला गरिएको त तर लापरबाही मात्रै देखिएको अध्यक्ष पौडेलको भनाइ छ ।

इटहरीमा सक्रिय संक्रमितको संख्या ३२ सय माथि रहेको छ । दैनिक संक्रमित थपिँदै जाँदा इटहरीका आइसोलेसन पनि भरिएका छन् । संक्रमणको जोखिमलाई हेरेर उपमहानगरले सामान्य सुरक्षा सतर्कता समेत अपनाउन सकेको छैन । खुल्ला गरिएका बजारहरूमा स्वास्थ्य मापदण्ड लागू गराइएको छैन । बजारमा मास्क नलगाइ हिँड्ने मानिसकहरूको भिड बढ्दो छ । व्यवसायीहरू आफैँले पनि पसल अगाडि हात धुने साबुन पानी र सेनिटाइजर राखेका छैनन् ।

स्थानीय तहहरूमा मात्र नभइ अहिले सुनसरीसँग सिमा जोडिएका नाकाहरूमा पनि त्यस्तै लापरबाही देखिएको छ । सामान्य चेकजाँच बाहेक भारतबाट सोझैं भारतीय नागरिकहरू नेपाल छिर्ने गरेका छन् । सुनसरीको हरिनगरा, देवानगञ्ज, कप्तानगञ्ज, भण्टावारी नाकामा सामान्य सुरक्षा सतर्कता मात्रै अपनाइएको पाइएको छ ।

## आक्रमणमा...

प्रदेश २ को सरकार जोगिएपनि प्रदेश १ र बागमती सरकार धरमरमा छ । यी सबै गतिविधिले संघीयतालाई कमजोर पार्ने प्रयास भइरहेको छ ।

कायम रहेका प्रदेशहरु समेत प्रभावकारी काम गर्न सकेको छैन । कर्णाली र लुम्बिनी प्रदेशमा प्रदेशसभा हुँदै अध्यादेशबाट बजेट ल्याइएको थियो । संघीय सरकारको नराम्रो अभ्यास समेत प्रदेशहरुमा देखिन थालेको छ । जस्तो- 'विजनेश' कार्यसूची नहुँदा सुदूरपश्चिम प्रदेशसभाको बजेट अधिवेशन (बर्खे अधिवेशन) अन्तर्गतको नियमित बैठक असार २७ गतेयता बस्न सकेको छैन । गएको वैशाख २१ गते प्रदेशसभाको बजेट अधिवेशन शुरु भएको थियो । असार २७ गते बसेको प्रदेशसभाको बैठकपछि अर्को सूचना प्रकाशित नभएसम्मका लागि स्थगित गरिएको थियो ।

जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने महत्वपूर्ण संस्थाका रूपमा स्थापित प्रदेशसभाको बैठक बस्न भएको ढिलाइसँगै प्रदेशका जनताको समसामयिक समस्या समाधानबारे छलफल हुन पाएको छैन ।

## सरकारद्वारा...

महिनाको अध्ययन वा १२ कक्षा वा सो सरहको शैक्षिक योग्यता हासिल गरी नेपाल सरकारबाट मान्यता प्राप्त तालिम प्रदायक संस्थाबाट केयर गिभिङ सम्बन्धी कम्तीमा तीन महिनाको तालिम लिएको हुनुपर्ने योग्यता तोकिएको छ ।

## कुटनीतिक...

काम गर्नुपर्नेमा जोड दिए । सांसद तुलसाकुमारी दाहालले कोरोना सङ्क्रमण बढ्दै गरेको अवस्थामा विद्यार्थीको भौतिक उपस्थितिमा परीक्षा सञ्चालन गर्न नहुने सुझाव दिइन् ।

नेकपा (माओवादी केन्द्र) का मायाप्रसाद शर्माले सबै राजनीतिक दल र जनताको प्रयासबाट देशमा परिवर्तन भएको यथार्थ सुनाए । सांसद विमला राई पौडेलले मुलुक संविधान कार्यान्वयनको प्रारम्भिक चरणमा रहेको बताउँदै सर्वोच्च अदालतको फैसला भोलिका लागि नजिर बन्ने र त्यसबारेमा विस्तृत छलफल गरिनुपर्ने विचार व्यक्त गरे । सांसदहरुले कोरोना महामारीको संक्रमण नघटेकाले यसतर्फ विशेष चासो दिन समेत सुझाव दिए । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, मंगलबार तीन हजार ८९९ मा संक्रमण पुष्टि भएको छ । १७ हजार ५१८ मा परीक्षण गर्दा तीन हजार ८९९ मा सङ्क्रमण पुष्टि भएको हो । यो सङ्ख्या सोमबारभन्दा ४७८ ले बढी हो । सङ्क्रमितसँगै मुलुकभर सङ्क्रमितको सङ्ख्या सात लाख ४२ हजार ८१७ पुगेको छ । सङ्क्रमण दर १९.२ प्रतिशत छ ।

# दोधारा-चाँदनी जोड्ने झोलुङ्गे पुलको मर्मत

**गोमती पाल/मध्यान्ह**
कञ्चनपुर, १२ साउन

महाकाली नदीको दोधारा-चाँदनी जोड्ने झोलुङ्गे पुलमा ६ घण्टा सवारी आवागमन बन्द गरिएको छ । झोलुङ्गे पुल मर्मत गर्न थालिएपछि सवारी बन्द गरिएका हुन् ।

पुल बन्द गरिएपछि पुलका दुबै किनारका सवारीको भीड लागेको थियो । पुलबाट दैनिक रुपमा सयौं सवारी साधन ओहोरदोहोर गर्दै आएका छन् । यो पुल बनेपछि दोधारा चाँदनी सदरमुकाम महेन्द्रनगरसित जोडिएको छ ।

दोधारा-चाँदनी नगरपालिकाले मंगलवारदेखि पुल मर्मत सम्भारको काम थालेको नगर प्रवक्ता दिलबहादुर सिजालीले मध्यान्हलाई बताए । 'पुल मर्मत कार्य सुरु भएको छ, ६ घण्टासम्म दैनिक रुपमा मर्मत हुन्छ' उनले भने,'मर्मत सकिएपछि मात्रै पूर्ण रुपमा पुल सञ्चालनमा आउँछ ।'

दैनिक रुपमा सञ्चालन हुने अत्यधिक सवारीले पुल मर्मत गर्नु पर्ने अवस्थामा पुगेको हो । यसअघि पनि पटक पटक मर्मत गरी पुल सञ्चालन गरिएको छ ।

अहिले पुलका नट बोल्ट, प्लेट कस्ने लगायत कार्य अघि बढेका छन् । केही स्थानमा पुलका प्लटे खसेर भ्वाङ समेत परेका छन् ।

'बिहान ६ बजेदेखि ९ बजेसम्म र १२ बजेदेखि ३ बजेसम्म पुलमा आवतजावत बन्द गरिएको छ । पुल मर्मतको काम दुई/तीन दिनमा सकिन्छ' प्रवक्ता सिजालीले भने ।

यस अघि नेपाल भ्रमण वर्ष-२०२० लाई मध्यनजर गरी पुल मर्मत गरिएको थियो । सुदूरपश्चिम प्रदेश सरकारले ठेक्का दिएर पुल मर्मत गराएको थियो ।

दोधारा-चाँदनी झोलुङ्गे पुल एसियाको दोस्रो लामो झोलुङ्गे पुल हो । १ हजार ४ सय ५३ मिटर लम्बाइको यो पुल सदरमुकाम महेन्द्रनगर बजारबाट ९ किलोमिटर दुरीमा छ ।


**SAUDI मा रोजगार | Albaz Industrial Co. Ltd**

LT No.:241943

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labor | 07 | साधारण | 1000 | ३१,७११|- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०७८ साउन २० गते (04, Aug. 2021) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौमा हुनेछ ।

**Gulf Star Overseas Pvt. Ltd.** "Your Career Partner"
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL:gulfstaroverseas.com

**कतारमा वैदेशिक रोजगारको अवसर | कम्पनी: FORCE HIRE**
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०४/१२ चलानी नं.: ६०१६०७२३ LT. No.: 242889

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Driver | 3 | 0 | स. काममा दक्ष | 1900 | ६१,९७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २० गते (4 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Link International Placement Service Pvt.ltd.**
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

**कतारमा रोजगार | १. कम्पनी: ROAN ENGINEERING CONSTRUCTION W.L.L.**
शहर: QATAR

पूर्व स्वीकृत मितिः२०७८/ ०४ /१२ चलानी नं.: ६०१६०७१४ LT. No.: 242597

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,८८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plaster Worker | 1 | 0 | | 1100 | ३५,८८२ | | | | | | | |
| 3. | Building Worker | 2 | 0 | | 1000 | ३५,८८२ | | | | | | | |
| 4. | Decoration Tech. | 1 | 0 | | 1100 | ३५,८८२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ साउन २० गते (4 Aug. 2021) मा हुनेछ ।

**Paragon H.R. Management Pvt. Ltd.**
Govt.Lic.No. 1519/074/075
Tokha-5, Basundhara, Kathmandu, Mob.:9851058314,9808531000, Tel:4381027,
E-mail : info@paragohrmanagement.com, Web.: paragohrmanagement.com

**कतारमा रोजगारको अवसर | १. कम्पनी: JASSIM BIN JABR TRAD CONT**
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०३/२१ चलानी नं.:६०१५९७२६ LT. No.: 241907 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1800 | ५८,७१६ | | | | | | | |

२. कम्पनी: BIN TAWAR BLOCK FACTORY शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०३/२१ चलानी नं.:६०१५९७२७ LT. No.: 241908 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 6 | 0 | स. काममा दक्ष | 1000 | ३२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: POWER ENVIRONMENT ELECTROMECHANICAL CONTRACTING शहर: AL MARKHIYA
पूर्व स्वीकृत मितिः २०७८/०१/०२ चलानी नं.: ६०१५७४१२ LT. No.: 238762 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 9 | 0 | स. काममा दक्ष | 1000 | ३२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २० गते (4 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

**सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.**
ईजाजत नं. ९३४/०६७/०६८
बसुन्धारा-३, काठमाडौं, नेपाल, फोन नं. : ४९७०१४२, ४९७०१४३
Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com

**साउदीमा रोजगार | कम्पनी : ALWA ALI MOHAMMED AHMED ASIRI FOUNDATION TO PROVIDE**
शहरः ABHA

पुर्व स्वीकृत मितिः २०७८/०२/१४ चलानी नं.: ६०१५८१८३ L.T. No.: 239713 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 3 | 0 | स. काममा दक्ष | 1300 | ४१,१७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २० गते (4 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | रु. १०,०००/- रोजगार दाताले |

**Fair Connect Resource Pvt. Ltd.**
श्रम ईजाजत नं.: १२७९/०७४/०७५
Basundhara-5, Kathmandu Nepal, Tel :- 01-5505936, 5505937
Email :- agencyfcr@gmail.com

**साउदीमा बैदेशिक रोजगारको अवसर**

१. कम्पनी: MOHAMMAD A. AHMED KHOSHAIM FOR DECOR शहर : KSA
पूर्व स्वीकृत मितिः २०७८/०३/०८ चलानी नं.: ६०१५८९९५ LT. No.:241041 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: ABSHAN DECORATION INDUSTRY COMPANY शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०३/०५ चलानी नं.: ६०१५८९९६ LT. No.:240092 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Haddad | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,८४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Paint Buildings | 1 | 0 | | 1200 | ३७,८४८ | | | | | | | |

३ कम्पनी: SAAD ABDULLAH AL QAHTANI EST शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७७/०१/१२ चलानी नं.: ६०१५७९०३ LT. No.: 239773 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ५७,४५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २० गते (4 Aug. 2021) मा हुनेछ ।

**शल्मानी ओभरसिज प्रा. लि.**
कोटेश्वर, काठमाडौं, नेपाल
फोन: ५१४७२२७
श्रम इजाजत नं. ८९८/०६६/०६७

**साउदीमा रोजगार | १ कम्पनी :AJEER COMPANY LTD. IS A ONE-PERSON COMPANY**
शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०१/२३ चलानी नं.: ६०१५८३५५ LT. No.: 240244 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 20 | 0 | स. काममा दक्ष | 1000 | ३१,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : Global Operating Company शहर: JEDDAH
पूर्व स्वीकृत मितिः २०७७/१२/२४ चलानी नं.: ६०१५६८६२ LT. No.: 238601 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 30 | 0 | स. काममा दक्ष | 1200 | ३८,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : AL MIHRAB GROCERY शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०१/०२ चलानी नं.: ६०१५७३५१ LT. No.: 239182 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Grocer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४१,१७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 2 | 0 | | 1000 | ३१,६७० | | | | | | | |
| 3. | Gen Clean Worker | 3 | 0 | | 1000 | ३१,६७० | | | | | | | |

४. कम्पनी : Pinnacle Of Professionalism Company For General Contracting Is A One Person Company शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०३/०९ चलानी नं.: ६०१५९०८१ LT. No.:241269 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७८ साउन २० गते (4 Aug., 2021) मा हुनेछ ।

**बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.**
Lic No.: 836/066/067
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोन: ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com

# नेपालमा एक महिनाभित्र कोरोनाको तेस्रो लहर आउन सक्ने विज्ञहरुको चेतावनी



**काठमाडौं/मस–** नेपालमा अबको एक महिनामा कोरोना संक्रमणको तेस्रो लहर आउन सक्ने भन्दै विज्ञहरुले चेतावनी दिएका छन् ।मंगलबार कोरोना भाइरस संक्रमणको तेस्रो लहरको सम्भावना, सरकारको पूर्व तयारी र खोपको व्यवस्थापन लगायतका समसामयिक विषयमा आयोजित कार्यक्रममा जनस्वास्थ्य विज्ञहरुले यस्तो चेतावनी दिएका हुन् ।

कार्यक्रममा बोल्दै डा. सागरराज भण्डारीले नेपालमा कोरोना भाइरसको परीक्षण सहर केन्द्रित भएको र गाउँ गाउँमा धेरै संक्रमित भइसकेको बताए। अहिले परीक्षणको दायरा घटाएकोले संक्रमितको संख्या घट्दै गएको हो ।

निषेधाज्ञामा पनि स्वास्थ्य मापदण्डको कुनैपनि प्रोटोकल नअपनाएकोले कोरोनाको तेस्रो वेभ पनि आउने डा. भण्डारीले बताए । 'नेपालमा १ महिना भित्रमा कोरोनाको तेस्रो वेभ आउनेछ', डा. भण्डारीले भने, 'स्वास्थ्य मापदण्ड अपनाइएको छैन, कन्ट्याक्ट ट्रेकिङ् भएको छैन, अहिले फैलिरहेको भेरियन्ट धेरै छिटो सर्ने र आक्रमक हुनेछ ।'

त्यस्तै, डाक्टर बासुदेव पाण्डेले नेपालमा कोरोनाले आक्रमक रुप लिने बताएका छन । डा. पाण्डेले अबको विकसित भेरिएन्टले धेरैलाई संक्रमण बनाउने र धेरैको मृत्यु समेत हुन सक्ने भएकोले सबै नागरिकलाई भ्याक्सिन लगाउनुपर्ने र त्यसको लागि स्वदेशमै भ्याक्सिन उत्पादन गर्नुपर्ने बताए । 'अब नेपालले कोभिड भ्याक्सिन उत्पादन गर्नुपर्छ', डा. पाण्डेले भने, 'अरु देशले सक्ने हामीले नसक्ने भन्ने हुँदैन, हामीसँग दक्ष वैज्ञानिकहरु छन्, अब हामीले नै भ्याक्सिन उत्पादन गर्नुपर्छ ।' डाक्टर पाण्डेले स्वास्थ्य मन्त्रालय जिम्मेवार नभएकोमा दुःख व्यक्त गरेका थिए।

त्यस्तै, सरकारले निषेधाज्ञा खुकुलो बनाउँदै जानु गलत भएको डा. सुन्दरमणी दिक्षितले टिप्पणी गरेका छन् । व्यंग्यात्मक रूपमा बोल्दै डा. दिक्षितले सरकार निर्देशन दिन च्याम्पियन भएको बताए ।निषेधाज्ञा खुकुलो भएसँगै संक्रमण दर बढेकोमा आफू चिन्तित रहेको बताए । अब दुई महिना भित्र १४ बर्ष भन्दा माथिका ७५ प्रतिशत नागरिकलाई कोभिड भ्याक्सिन नसके कोरोनाको तेस्रो लहर अवस्था जटिल बन्ने डा. दिक्षितले जानकारी दिए ।

निषेधाज्ञा खुकुलो बनाउँदा कडाइका साथ खुकुलो बनाउनुपर्ने उनले बताए ।भ्याक्सिनको बिषयमा गरिएको गलत प्रचार प्रसार प्रति नलाग्न डा. दिक्षितले अनुरोध गरेका छन् । 'भ्याक्सिनमा आर्थिक र राजनीतिक चलखेल भएकोले गलत प्रचार बढेको हो जुन खोप लगाउँदा पनि हुन्छ', उनले भने ।

फरक विषयमा बोल्दै डा. दिक्षितले स्वास्थ्य राज्यमन्त्रीको नियुक्ति बाध्यात्मक अवस्थामा गरिएकोले कुनै टिकाटिप्पणी गर्नु आवश्यक नभएको बताए । प्रधानमन्त्रीले राजनीतिक किचलोबाट मुक्त हुन बाध्यात्मक अवस्थामा उमेश श्रेष्ठलाई स्वास्थ्य राज्यमन्त्रीमा नियुक्ति गर्नुपरेको बताए ।

# बुद्ध मन्दिर शैलीमा सिद्धार्थनगरको भवन



**आचार्य प्रदीप/मध्यान्ह**
बुटवल, १२ साउन

बुद्ध मन्दिर शैलीमा रुपन्देहीको सिद्धार्थनगर नगर पालिकाको प्रशासकिय भवन निर्माण हुने भएको छ । सिद्धार्थनगर नगरपालिकाद्वारा आफ्नै प्रशासकीय भवन निर्माणका लागि चालु वर्षमा बजेट विनियोजन गरेको छ ।

भवन निर्माणका लागि मंगलबार निर्माण कम्पनीसँग सम्झौता समेत भएको छ। सम्झौता अनुसार श्री स्काई रामसागर जेभीले रु. १८ करोड ३७ लाख ४९ हजार ५ सय ३७ रुपैया ५१ पैसामा भवन निर्माण गर्नेछ ।

भवन निर्माणसँग सम्बन्धित सम्झौतापत्रमा सिद्धार्थनगर नगर पालिकाका प्रमुख हरि प्रसाद अधिकारीको उपस्थितिमा प्रमुख प्रशासकिय अधिकृत तुलसीराम मरासिनी र निर्माण कम्पनि श्री स्काई रामसागर जेभीका प्रतिनिधि रोशन न्यौपानेले हस्ताक्षर गरेका छन्। सम्झौता अनुसार नगरपालिकाको भवन अबको २६ महिना भित्र अर्थात् ४ अक्टोवर २०२३मा निर्माण सम्पन्न गर्नुपर्नेछ । भवन सिद्धार्थ नगर नगर पालिका वडा नम्बर ५ हाल आइयुडिपी आयोजना (हाटबजार करणिमाई मन्दिर नजिकै) निर्माण हुनेछ । ५ तले भवनको अण्डर ग्राउण्डमा पार्किङको व्यवस्था हुनेछ। त्यहाँ कम्तिमा पनि ३२ वटा कार र ४० वटा मोटरसाईकल अट्ने गरी निर्माण गरीने सिद्धार्थनगर नगरपालिका योजना शाखाका प्रमुख जिवन अर्यालले बताए । भवन आधुनिक शैलीमा निर्माण हुने भए पनि पर्यटकिय महत्व झल्कने खालको हुने बताइएको छ । विशेष गरी बुद्धजन्मस्थल लुम्बिनीको प्रवेशद्धारका रुपमा समेत रहेको सिद्धार्थ नगर रहेकाले नगरपालिकाको प्रमुख प्रशासकिय भवन पनि बुद्ध धर्मसँग आधारित गुम्बा, मन्दिरको झल्को दिने खालको हुने नगर प्रमुख हरि अधिकारीले बताए ।

यस नगरमा आउने जो कोहीलाई पनि बुद्धनगरमा प्रबेश गरेको झल्को दिन यस अघि पर्यटकिय प्रवेशद्धारको निर्माण अन्तिम चरणमा रहेको, बेलहिया देखिनै विमानस्थलसम्म र सडकका बीच भागमा बुद्धका मूर्ती राख्ने काम भैरहेको अधिकारीले बताए ।

# चहलपहल बढ्दै व्यापार घट्दै



**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, १२ साउन

दोस्रो लहरको कोरोनाको कारण केहि महिना बन्द रहेको बजार खुलेपछि चहलपहल बढ्दै गएको छ । तर व्यापार भने घटेको छ ।

काठमाडौं असन इन्द्रचोकमा पुस्तौदेखि तामा पितलका व्यापार गरिरहेका एक व्यापारी व्यापार नभएर पसलै बेच्नुपर्ने अवस्था आएको बताउँछन् । अर्का व्यापारी राजेशको पनि समस्या उस्तै छ । उनी भन्छन्, 'पसल भाडा मात्र महिनाको २ लाख छ । स्टाफ खर्च सबै जोड्दा महिनाको ३ लाख ७५ हजार त तिर्नै पर्छ तर व्यापारको ताल यस्तो छ ।'

सोहि बजारमा जुत्ता चप्पलका व्यापारी सुकदेवको अवस्था पनि उस्तै छ । उनी यो व्यापारबाट सन्तुष्ट पनि छैनन् । अब केहि समय पश्चात व्यवसाय परिवर्तन गर्ने सोचमा छन् । उनी भन्छन्, 'अहिले खाद्यान्न बाहेकका पसलको व्यापार त्यति छैन तर पनि पसल खोल्नै पर्‍यो । व्यापारको आसमा कोरोना सर्लाभन्ने पो चिन्ता छ ।' सरकारले स्वास्थ्य मापडण्डमा कडाई नगर्दा त्यसको असर प्रत्यक्ष सर्वसाधारणमा पुगेको छ । त्यसैले अहिले कोरोना संक्रमणको दर बढ्दै गइरहेको छ ।

# नुवाकोटमा रक्तदान कार्यक्रम सम्पन्न



**दिवस ढकाल/मध्यान्ह**
नुवाकोट, १२ साउन

नेपालमा रक्तसञ्चार सेवा स्थापना दिवस आज 'सुलभ, गुणस्तरीय र मर्यादित सेवाः नेपालको रक्तसञ्चार सेवा' भन्ने मूल नाराका मनाइएको छ । यसै अवसरमा नेपाल रेडक्रस सोसाइटी नुवाकोट रक्तसञ्चार केन्द्रले रक्तसञ्चार सेवा स्थापनाको ५५ औं वार्षिकोत्सव रक्तदान कार्यक्रम गरी मनाइएको छ।

नेपाल रेडक्रस सोसाइटी (नेरेसो) नुवाकोट रक्तसञ्चार केन्द्रको आयोजनामा गरिएको बृहत रक्तदानमा १७ जना रक्तदाताहरुले रक्तदान गरेको ब्लड अन रिक्वेस्ट इन नुवाकोटका संयोजक मच्छिन्द्रनरसिंह प्याकुरेलले जानकारी दिए ।

नेरेसो स्थापना भएको तीन वर्षपछि अर्थात् वि.सं २०२३ साल साउन १२ गते नेपाल रेडक्रस रक्त सञ्चार सेवा केन्द्रको सञ्चालन प्रारम्भ भएको थियो । दिवसकै अवसरमा केन्द्रीय रक्तसञ्चार सेवाले साउन १ देखि १२ गते सम्म आयोजित विशेष रगतसंकलन कार्यक्रम अन्तर गंत विभिन्न संस्थाहरुको सहयोगमा ९१२ जनाले रक्तदान गरेका थिए ।

नेपाल रेडक्रस सोसाइटीले काठमाडौंमा केन्द्रीय रक्तसञ्चार सेवाको अलावा विराटनगर, भरतपुर, पोखरा, नेपालगंज र धनगढी गरी ५ स्थानमा प्रदेश रक्त सञ्चार सेवा संचालन गरीरहेको छ। यसैगरी २२ जिल्लामा जिल्ला स्तरीय, विभिन्न जिल्लाको ४१ स्थानबाट आकस्मिक रक्त सञ्चार सेवा प्रदान गरिएको छ। विभिन्न ४९ वटा अस्पतालबाट पनि रक्त सञ्चार सेवा प्रदान भइआएको छ । नेपालको ७० जिल्लाका ११७ स्थानमा रक्त सञ्चार सेवा केन्द्र तथा एकाइहरू क्रियाशिल छन् ।

# बागबजार क्लब २८ को आयोजनामा रक्तदान



**किरण तण्डुकार/मध्यान्ह**
काठमाडौं, १२ साउन

५५ औं रक्तसञ्चार सेवा स्थापना दिवसको अवसमा काठमाडौं महानगरपालिका वडा नं. २८ मा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । बागबजार क्लब २८ को आयोजनामा भएको रक्तदान कार्यक्रममा ५२ जना भन्दा बढीले रक्तदान गरेका छन् ।

'सुलभ, गुणस्तरीय र मर्यादित सेवा : नेपालको रक्तसञ्चार सेवा' भन्ने मूल नाराका साथ भएको रक्तदान कार्यक्रममा काठमाडौं वडा नं २८ का वडा अध्यक्ष भाइराम खड्गी, रक्त सञ्चार स्वंय सेवक नेपालका समाजका अध्यक्ष प्रेम सागर कर्माचार्य, वडा सदस्य रुपक तण्डुकार, सुनिता तण्डुकार, देवेन्द्र खड्गी, ललिता कार्की ढले लगायत सहभागी भएका थिए ।

कार्यक्रममा वडा अध्यक्ष भाइराम खड्गीले रक्तदान गर्ने आयोजक क्लवप्रति धन्यवाद ज्ञापन गरेका थिए भने क्लवका अध्यक्ष अरुण तण्डुकारले रक्तदान कार्यक्रमलाई सफल पार्न सहयोग पुऱ्याउने सम्पूर्णमा आभार व्यक्त गर्दै क्लवले आगामी दिनमा पनि सामाजिक कार्य गर्दै जाने बताए ।


**कतारमा रोजगार** | १. कम्पनी: ALEQLAS TRADING AND CONTRACTING
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७७/११/२३ चलानी नं.: ६०१५५१२५ L.T. No.: 236646 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,१४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 1 | 0 | | 2500 | ८१,५५० | | | | | | | |
| 3. | Building Worker | 2 | 0 | | 1000 | ३२,६२० | | | | | | | |
| 4. | Driver | 1 | 0 | | 1400 | ४५,६६८ | | | | | | | |
| 5. | Tile Maker | 2 | 0 | | 1200 | ३९,१४४ | | | | | | | |
| 6. | Store Keeper | 1 | 0 | | 1900 | ६१,९७८ | | | | | | | |
| 7. | Sandwich Maker | 2 | 0 | | 1500 | ४८,९३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा साउन २० गते (4 Aug. 2021) मा हुनेछ ।

**Mahagadhi Overseas P. Ltd.**
Gwarko, Balkumari-9, lalitpur, Nepal, Tel.: 01-5203713, 5203717, Fax.: 5203717
Email: mahagadhioverseas @gmail.com, mahagadhioverseas 13@gmail.com
Web.: www.mahagadhioverseas .com
Govt. Lic. No. 1282/074/075



**साउदीमा रोजगार** | कम्पनी : DAMMAM BLOCK FACTORY FOR INDUSTRY
शहर: ABHA

पूर्व स्वीकृत मिति: २०७८/०४/११ चलानी नं.: ६०१६०६४२ LT. No.: 242802

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 2200 | ६९,६७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ साउन २० गते (4 August 2021) मा हुनेछ ।

**Facility Manpower Services Pvt. Ltd.**
P.O. Box: 19046, Anamnagar, (Near Police Office) New Plaza, Kathmandu, Nepal
Tel.: 4438613, 2060234, Fax: 4440695, Email: info@fms.com.np, facility2002@hotmail.com, Website: www.fms.com.np



**कतारमा रोजगार** | कम्पनी : QATAR STAR SERVICE L L C
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७७/१२/१८ चलानी नं.: ६०१५६४५८ LT. No.: 238262 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 23 | 10 | स. काममा दक्ष | 1000 | ३२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन २० गते (4 August 2021) मा हुनेछ ।

**लाईफ लाईन ओभरसिज प्रा. लि.**
गोगंवु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१
Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com



**कतारमा रोजगारको अवसर** | कम्पनी: OITC GROUP WLL
शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७८/०४/१२ चलानी नं.: ६०१६०७२१ LT. No.: 242892

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 6 | 0 | स. काममा दक्ष | 1000 | ३२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २० गते (4 Aug. 2021) मा हुनेछ ।

**सगुन ओभरसिज सर्भिसेज प्रा.लि. (सगुन होम)**
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिकास्थान-३२, फोन : ४४१७५३०, ४४४०१४६, ४४१८५३२
E-mail: sagunosp@wlink.com.np |sagun@mail.com.np



**कतारमा रोजगारको अवसर** | कम्पनी: G4S QATAR W.L.L
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७७/०९/०९ चलानी नं.: ६०१५३९३७ LT. No.: 235511 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 0 | 5 | सम्बन्धित काममा दक्ष | 3000 | ९७,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Guard | 16 | 0 | | 1500 | ४८,९३० | | | | | | | |
| 3. | Driver | 5 | 0 | | 1500 | ४८,९३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २० गते (4 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
